# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission

केन्द्रीय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

प्रेस नोट

राष्ट्रिय मानव अधिकार आयोग नेपाल

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ मंसिर ४ गते

**मानव अधिकारको विश्वव्यापी आवधिक समिक्षा कार्यदलको बैठकमा व्यक्त भएका प्रतिबद्धता कार्यान्वय गर्न सरकारलाई आग्रह**

संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार परिषद, विश्वव्यापी आवधिक समिक्षा कार्यदलको यहि नोभेम्वर ४ देखि ६ सम्म जेनेभामा सम्पन्न मानव अधिकार परिषद, कार्य समूहको २३ औं बैठकमा नेपाल सरकारले मानव अधिकार संरक्षण र सम्बद्धर्नमा व्यक्त गरेको प्रतिबद्धतालाई राष्ट्रिय मानव अधिकार आयोगले सकारात्मक रुपमा लिएको छ । वैठकमा नेपाल लगायत ८१ राष्ट्रका प्रतिनिधिहरुको उपस्थिती रहेको थियो ।

उक्त बैठकबाट १९६ वटा सुझावहरु प्राप्त भएकोमा नेपाल सरकारले १४८ निष्कर्ष तथा सुझावहरुलाई तत्काल कार्यान्वयन गर्न सकिने, ३० वटा सिफारिशहरु परिषद्को ३१ औं वैठक पूर्व जानकारी गराउने तथा १८ वटा सिफारिश कार्यान्वयन गर्न नसक्ने बताएको छ । आयोगलाई पेरिस सिद्धान्त बमोजिम आर्थिक स्वायत्तता प्रदान गर्न नेपाल सरकारले गरेको प्रतिबद्धतालाई आयोगले स्वागत गरेको छ ।

सरकारले नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी महासन्धीहरुमा पेश गर्नुपर्ने आवधिक प्रतिवेदनहरु समयमा नै पेश गर्न र त्यसको कार्यान्वयन गर्न, बालविवाह, सामाजिक कुरिति जस्ता कार्यहरुलाई फौजदारी कानुनको दायरामा ल्याउने, बालश्रम निषेध ऐनलाई मानव अधिकारका सिद्धान्त अनुकुल संशोधन गर्ने प्रतिबद्धता जनाएको छ ।सो अवसरमा आदिबासी जनजातिका अधिकारहरुको प्रचलनको संयन्त्रलाई सबलीकरण गर्ने, संविधानमा भएका अल्पसंख्यक र सीमान्तकृत समुदायको अधिकारहरुको कार्यान्वयन, सबै प्रकारका विभेदजन्य कार्यको अन्त्य, भूकम्प/प्राकृतिक विपत्तिका पीडितहरुको अधिकार संरक्षण गर्ने, कारागार सुधार गर्न, मानव बेचबिखन तथा ओसार-पसार नियन्त्रण, घरेलु हिंसा सम्बन्धी परिभाषालाई फराकिलो बनाउन, बलात्कारको घटनामा हदम्याद बढाउन, गैर-कानुनी थुना तथा हत्याका घटनाहरुमा यथाशीघ्र अनुसन्धान गर्ने तथा बल प्रयोग सम्बन्धी संयुक्त राष्ट्र संघीय सिद्धान्तको पालना गर्न, दण्डहीनताको अन्त्य गर्ने, दलित विरुद्धका विभेदजन्य घटनाहरुको अनुसन्धान गर्ने प्रतिबद्धता समेत सरकारले व्यक्त गरेको छ ।

यसैगरी संक्रमणकालीन न्यायका संयन्त्रहरु मार्फत गम्भीर मानव अधिकार उल्लंघनका घटनाहरुलाई न्यायको दायरामा ल्याउन, सर्वोच्च अदालतको फैसला कार्यान्वयन गर्न, मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यन्वयन, सबै सीमान्तकृत समुदायसँग छलफल गर्न, सञ्चारकर्मी लगायतका मानव अधिकार रक्षक विरुद्धका उजूरीहरुको अनुसन्धान, अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता गर्न, शान्ति प्रकृयामा महिलाहरुको सहभागिता गराउन, नागरिकता प्राप्ति प्रकृयामा महिला र पुरुषबीच विभेदजन्य कार्य नगर्न, सबैलाई अनिवार्य र गुणस्तरीय शिक्षा उपलब्ध गराउन, अपाङ्गता भएका व्यक्तिहरुको खण्डिकृत तथ्याङ्क राख्न, आप्रबासी कामदारहरुको अधिकार संरक्षणार्थ सहकार्य गर्न, यस्तै सरकारले मानव अधिकार परिषद्को ३१ औं बैठक पूर्व नै बाँकी रहेका मानव अधिकारका विषयहरुलाई पनि कार्यान्वयन गर्ने प्रतिबद्धता जनाउने विषयमा आयोग विश्वस्त छ । तत्काल कार्यान्वयन गर्न नसक्ने भनी उल्लेख गरिएका विषयहरुमा समेत गम्भीर अध्ययन गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । मानव अधिकार परिषद, कार्य समूहको २३ औं बैठकमा गरेका प्रतिबद्धताहरुको प्रभावकारी कार्यान्वयन गर्न आयोग नेपाल सरकारलाई पुनः आग्रह गर्दछ । निष्कर्ष तथा सिफारिशमा उल्लेख भएका अन्य विषयहरुको कार्यान्वयन प्राथमिकताको आधारमा अगाडी बढाउन पनि आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

मोहना अन्सारी

सदस्य तथा प्रवक्ता